# दण्डहीनताविरुद्धको संघर्षका लागि कार्यदल

सचिवालय : मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड), फोन नं. ४४२३१२५, फ्याक्स ४४३८८१२

## प्रेस विज्ञप्ति

भाद्र १९, २०६३ (4 Septemberer ,2006) काठमाडौं ।
दण्डहीनता र वर्तमान सरकार विषयक समीक्षात्मक गोष्ठीका वक्ताहरुले दण्डहीनताका समसामयिक मुद्दाहरुमा समीक्षा गरे । शाही कार्यकालका प्रधानसेनापति र मुख्य सचिवलाई अविलम्व कार्वाही गर्नुपर्ने, प्रधानन्यायाधीशलाइ तत्काल वर्खास्त गर्नुपर्ने, जनआन्दोलनको Mandate र प्रतिनिधिसभाको घोषणालाई सर्वोच्च अदालतले न्यायिक परीक्षण गर्न नसक्ने र जनआन्दोलन भाग २ का मुख्य दमनकारी रुकुमान्द कटुवाललाई तत्कालै बर्खास्त गर्नुपर्ने पक्षमा जोड दिए ।

**दण्डहीनता विरुद्धको संघर्षका लागि कार्यदल**द्वारा आयोजित कार्यक्रममा डा. गोपालकृष्ण सिवाकोटीले वर्तमान सरकार दण्डहीनता संस्कृतिको अन्त्यका लागि मुक दर्शक भएर बसीरहँदा प्रतिगामी शक्ति र पुनरोत्थानवादीले टाउको उठाइरहेको वताउनुभयो ।

डा. सुन्दरमणि दीक्षितले वर्तमान सरकार दण्डहीनताको नाइके हो । न्यायालयबाट न्यायको अपेक्षा गर्ने स्थिति छैन । जनआन्दोलनका हत्यारा र तानाशाहको वर्तमान सरकारले संरक्षण गर्दै छ । यो लोकतन्त्रका लागि दुर्भाग्य हो । आन्दोलन भयो तर जनभावना अनुसार परिवर्तन भएन । अब निर्णायक सशक्त क्रान्तिको आवश्यकता छ भन्नुभयो ।

राष्ट्रिय मानवअधिकार आयोगका पूर्व सदस्य सुशील प्याकुरेलले आम नरसंहारकारी व्यक्तिहरु आज फेरि पुरस्कृत हुँदै सत्तामा आसिन गराएको परिस्थितिले लोकतन्त्र र मानवअधिकारलाई कठिन मोडमा पुऱ्याउने दावी गर्नुभयो ।

प्रखर विद्वान एवं पूर्व मन्त्री निलाम्वर आचार्यले दण्डहीनताको जरो नपहिल्याई सतहीमा कुरा गर्दा दण्डहीनताको अन्त्य गर्न नसकिने, त्यसका लागि शाही सरकार प्रमुख नै दण्डहीनताका पृष्ठपोषक भएकाले त्यहाँबाट नै दण्डहीनताको अन्त्यका लागि कार्य थालनी गर्नुपर्दछ भन्ने कुरामा जोड दिनुभयो । दण्डहीनता उन्मुख विषय कानुनको तत्काल निर्माण गर्न श्री आचार्यले संसदलाई आग्रह गर्नुभयो ।

नेपाल प्राध्यापक संघका महासचिव रामेश्वर उपाध्यायले दण्डहीनताको संस्कृतिको अन्त्य गर्ने कठिन लडाइँमा नागरिक समुदाय, सरकार र पार्टीहरु आग्रह र पूर्वाग्रहबाट माथि उठी कार्य गर्न एकै थलोमा जुट्न आह्वान गर्नुभयो । कार्यक्रमको उपदेयतामाथि नेपाल इन्जिनियर एसोशिएसनका उपसभापति एवं कार्यदलका सदस्य शालिग्राम सिंहले प्रष्ट पार्नुभयो । वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन राजकुमार शिवाकोटीले गर्नुभयो ।

**भवदीय**

..........................
नूतन थपलिया
संयोजक कार्यदल

# Task Force to Combat against Impunity

Date: 28 August 2006

**Invitation**

To

I have the pleasure to invite you / your representative to a consultation programme on "Impunity and present government" organized by Task Force to Combat against Impunity.

Issues for discussion:

a. Why the Chief of Army Staff and Chief Secretary of the King's rule are still not prosecuted?
b. Why is the character and conduct of the Chief Justice oriented towards support to impunity?
c. Why and for what is the validity test of the mandate of Jana Andolan-II and declaration and decisions of the House of Representatives by the Supreme Court necessary?

Speakers:

1. Dr. Devendra Raj Panday – Civil Society
2. Nilambar Acharya – Intellectual
3. Sushil Pyakurel – Former Member, NHRC
4. Krishna Pahadi – Senior Human Rights Activist
5. Prof. Dr. Bhupati Dhakal – Chairperson, Nepal Professors' Association
6. Dr. Sundar Mani Dikshit – Civil Society
7. Shambhu Thapa – Chairman, NBA
8. Krishna Prasad Bhandari – Senior Advocate

Date: Monday, 4 September 2006 (2063 Bhadra 19)
Time: 1 PM sharp
Venue: Nepal Bar Association Hall, Kathmandu

Sincerely yours,

Nutan Thapaliya
Coordinator
Task Force to Combat against Impunity

For further information:

| | |
|---|---|
| Secretariat (FOHRID office) | 4423125 |
| Er. Shaligram Singh | 98510 49661 |
| Adv. Bijaya Singh | 98510 25677 |
| Binod Kumar Bhattarai | 98510 41544 |
| Adv. Tikaram Pokharel | 9841 205729 |
| Adv. Birendra P. Thapaliya | 9841 526754 |
| Tulasi Bahadur Karki | 9841 359550 |